# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।१५ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट

**प्रतिवादी नगरप्रमुख धर्मेन्द्र प्रसाद पटेललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुरमा बिगो रु.५,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. दफा ३ को उपदफा (१) को देहाय (घ) मा उल्लेख भएबमोजिम सजाय हुन,

**प्रतिवादी अशोक प्रसाद पटेललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.५,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३(१) र ऐ.ऐनको दफा ३(१) को देहाय (घ) मा उल्लेख भएबमोजिम सजाय हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१०।०५ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- उजुरकर्ताले पेश गरेको अडियो/भिडियो वार्तालाप संवादबाट प्रतिवादीको साथबाट बरामद ५ लाख रुपैया सापटी लेनदेनको रहेको उल्लेख भएकोले घुस/रिसवत माग गरेको नदेखिएको।
- निर्माण उपभोक्ता समितिका अध्यक्ष/उजुरकर्ताले नगर प्रमुखसँग टेलिफोन वार्ता गरेको नदेखिएको अर्का उजुरकर्ता वडा अध्यक्ष रहेको, वडा अध्यक्षले नगर प्रमुखलाई घुस/रिसवत दिनुपर्ने कुनै कारण नरहेको।
- वादी पक्षका साक्षीहरुले गरेको वकपत्रबाट समेत प्रतिवादीहरुले घुस/रिसवत माग गरेको पुष्टि हुन नसकेको।
- बरामद चेक धर्मेन्द्र प्रसाद पटेलको नाममा काटिएको समेत नदेखिएको, प्रतिवादीबाट रकम बरामद भएको आधारमा मात्र आरोपदावी पुष्टि हुन नसकेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१५ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले उजूरवाला (भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष) शेख तवरेजसंग भवन निर्माण गरी अन्तिम विल भुक्तानीको लागि नगरपालिकामा पेश गर्दा भुक्तानीको प्रकृया आलटाल गरेको र उजूरकर्ताले पटक पटक अनुरोध गर्दा योजना जाँचपास फाराममा सहि नगरी रु ५,००,०००।– नगदै वा चेक घुस रकम माग गरेकोले भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष शेख तवरेजले वाध्य भई बरामद भएको नगद रु.२,५०,०००।– र नगर प्रमुख कै आग्रह अनुसार निजको सहयोगी भई काम गर्ने अशोक कुमार पटेलका नाममा काटिएको रु.२,५०,०००।– चेक समेत बरामद भएको देखिदा उजूरवाला शेख तवरेजले पेश गरेको बिल भुक्तानीको लागि जाँचपास फाराममा सही गर्ने जिम्मेवारी भएका नगर प्रमुख समेत रहेका प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले घुस/रिसवत माग गरेको तथ्य पुष्टि भएकोले शेख तवरेजको कामसँग नगर प्रमुख धर्मेन्द्र प्रसाद पटेल प्रत्यक्ष सरोकारवाला (Interest Person) रहेको तथ्य पुष्टि भएको।
- रिसवत माग गर्ने कुरा आफैमा गैरकानूनी कार्य हो भन्ने कुराको जानकार निज कसूरदार धर्मेन्द्र प्रसाद पटेलले सम्भव भएसम्म आफू जोगिने किसिमले मात्र कुराकानी, संवाद र टेलिफोन वार्ता गरेको। प्रतिवादीको साथबाट बरामद ५ लाख रुपैया सापटी लेनदेनको नरहेको घुस/रिसवत स्वरुप नगर प्रमुखले माग गरे बमोजिमको रकम हो भन्ने कुरा प्रस्तुत मुद्दाका उजूरकर्ताले अनुसन्धानको क्रममा उल्लेख गरेको, "मैले नगर प्रमुख धर्मेन्द्र प्रसाद

पटेलसंग कुनै किसिमको लेनदेन सापटी गरेको छैन। "सापटी" भनेको रिसवतको नै कोड भाषा बनाउनु भएको। मेरो धर्मेन्द्र प्रसाद पटेलको सहयोगी अशोक प्रसाद पटेलसंग पनि कुनै प्रकारको लेनदेन सापटी भएको छैन। भवन निर्माण कार्य सम्पन्न भएको थियो। मेयरले पाँच लाख रुपैया रिसवत मागेको कुरा शेख तवरेजले गरेको थियो र उ भएर पैसा र चेक दिएको थियो" भन्ने व्यहोराले खण्डित भएको। साथै अर्का उजूरकर्ताले समेत निज प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले नगरपालिकामा, निजको घरमा तथा बाटोमा भेट्दा मसंग उक्त रकम माग गर्नु भएको हो। निजले उपभोक्ता समितिलाई कमिसन नदिएसम्म रकम भुक्तानी गर्दैन भन्नु भएको थियो भन्ने व्यहोराको वयानलाई दुवै जना उजूरकर्ताहरुले अदालत समक्षको वकपत्रमा समेत समर्थन गरेको हुँदा उजूरकर्तासंग प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले पटक पटक प्रत्यक्ष भेटघाट गरी घुस/रिसवत माग गरेको तथ्य पुष्टि भएको।

- उजूरकर्ताले नगरप्रमुखको कार्यकक्षमा दिएको रकम रु.२,५०,०००।— प्रमुखको टेबलको घर्राबाट बरामद भएको भने रु २,५०,०००।— को चेक टेबल माथि अशोक प्रसाद पटेलको नाममा काटिएको बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएको। चेकमा रकम लेख्ने व्यक्तिले समेत चेकमा मैले मेयरसाबले भने बमोजिम अशोक प्रसाद पटेलको नाममा चेक लेखेको थिएँ भनी उल्लेख गरेबाट घुस/रिसवत लेनदेनमा नगर प्रमुख समेतको प्रत्यक्ष संलग्नता छ भन्ने पुष्टि भएको।
- निर्माण समितिको चेक व्यक्तिगत लेनदेनमा प्रयोग गर्नुको पुष्ट्याई हुन नसकेको। नगर प्रमुखले "सापटी" भन्ने कोड भाषाको प्रयोग गरी घुस/रिसवत माग गरी आफ्नो कार्यकक्षमा लिए पश्चात मात्र उजूरकर्ताबाट पेश भए बमोजिम विल भुक्तानीको प्रकृया अगाडी बढाउन भनी कार्यालयका कर्मचारीलाई आदेश गरेको स्पष्ट भएको अवस्थालाई नजर अन्दाज गरी बरामद चेक धर्मेन्द्र पटेलको नाममा काटिएको समेत नदेखिएको, प्रतिवादीबाट रकम बरामद भएको आधारमा मात्र आरोपदावी पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी, उजुरकर्ताको उजुरी निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, अडियो/भिडियो रेकर्ड र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्वर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोराको कुनै मूल्यांकन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | धर्मेन्द्र प्रसाद पटेल र अशोक प्रसाद पटेल (विशेष अदालतको मुद्दा नं. ०७८-CR-००६७ र फैसला मिति २०८०/१०/०५) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी धर्मेन्द्र प्रसाद पटेललाई बिगो रु.५,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. दफा ३ को उपदफा (१) को देहाय (घ) मा उल्लेख भएबमोजिम सजाँय गरी पाउने साथै प्रतिवादी अशोक प्रसाद पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर | **फैसलाः**<br>प्रतिवादीहरु धर्मेन्द्र प्रसाद पटेल र अशोक प्रसाद पटेलले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** उजुरकर्ताले पेश गरेको अडियो/भिडियो वार्तालाप संवादबाट प्रतिवादीको साथबाट बरामद ५ लाख रुपैया सापटी लेनदेनको रहेको उल्लेख भएकोले घुस/रिसवत माग गरेको नदेखिएको।<br>**ख.** निर्माण उपभोक्ता समितिका अध्यक्ष/उजुरकर्ता शेख तवरेजले नगर प्रमुखसंग टेलिफोन वार्ता गरेको नदेखिएको अर्का उजुरकर्ता शेख नरुल्लाह वडा अध्यक्ष | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको।**<br>**क.** प्रस्तुत मुद्दामा प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले उजूरवाला (भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष) शेख तवरेजसंग भवन निर्माण गरी अन्तिम बिल भुक्तानीको लागि नगरपालिकामा पेश गर्दा भुक्तानीको प्रकृया आलटाल गरेको र उजूरकर्ताले पटक पटक अनुरोध गर्दा योजना जाँचपास फाराममा सहि नगरी रु ५,००,०००।— नगदै वा चेक घुस रकम माग गरेकोले भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष शेख तवरेजले वाध्य भई बरामद भएको नगद रु.२,५०,०००।— र नगर प्रमुख कै आग्रह अनुसार निजको सहयोगी भई काम गर्ने अशोक कुमार पटेलका नाममा काटिएको रु.२,५०,०००।— चेक समेत बरामद भएको देखिदा उजूरवाला शेख तवरेजले पेश गरेको बिल भुक्तानीको लागि जाँचपास फाराममा सही गर्ने जिम्मेवारी भएका नगर प्रमुख समेत रहेका प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले घुस/रिसवत माग गरेको तथ्य पुष्टि भएकोले शेख तवरेजको कामसँग यि प्रतिवादी नगर प्रमुख धर्मेन्द्र प्रसाद पटेल प्रत्यक्ष सरोकारवाला (Interest Person) रहेको तथ्य पुष्टि भएको छ।उजूरकर्ता र प्रतिवादी धर्मेन्द्र प्रसाद पटेल विचमा सार्वजनिक कामको प्रत्यक्ष सरोकार रहेको देखिन्छ।<br>विशेष अदालतले प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएको पहिलो आधारका सन्दर्भमा हेर्दा, रिसवत माग गर्ने कुरा आफैमा गैरकानूनी कार्य हो भन्ने कुराको जानकार निज कसूरदार धर्मेन्द्र प्रसाद पटेलले सम्भव भएसम्म आफू जोगिने किसिमले मात्र कुराकानी, संवाद र टेलिफोन वार्ता गरेको हुन्छ। प्रतिवादीको साथबाट बरामद ५ लाख रुपैया सापटी लेनदेनको नरहेको घुस/रिसवत स्वरुप नगर प्रमुखले माग गरे बमोजिमको रकम हो भन्ने कुरा प्रस्तुत मुद्दाका उजूरकर्ता शेख नुरुल्लाहले अनुसन्धानको क्रमको स.ज. १३ मा उल्लेख गरेको कुरा, "मैले नगर प्रमुख धर्मेन्द्र प्रसाद पटेलसंग कुनै किसिमको लेनदेन सापटी गरेको छैन। "सापटी" भनेको रिसवतको नै कोड भाषा बनाउनु भएको छ।मेरो धर्मेन्द्र प्रसाद पटेलको सहयोगी अशोक प्रसाद पटेलसंग पनि कुनै प्रकारको लेनदेन सापटी भएको छैन।भवन निर्माण कार्य सम्पन्न भएको थियो। मेयरले पाँच लाख रुपैया रिसवत मागेको कुरा शेख तवरेजले गरेको थियो र उ भएर पैसा र चेक दिएको थियो" भन्ने व्यहोराले खण्डित भएको छ साथै अर्का उजूरकर्ता शेख तवरेजले समेत निज प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले नगरपालिकामा, निजको घरमा तथा बाटोमा भेट्दा मसंग उक्त रकम माग गर्नु भएको हो।निजले उपभोक्ता समितिलाई कमिसन नदिएसम्म रकम भुक्तानी गर्दैन भन्नु भएको थियो भन्ने व्यहोराको वयानलाई दुवै जना उजूरकर्ताहरुले अदालत समक्षको वकपत्रमा समेत समर्थन गरेको हुँदा उजूरकर्तासंग प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले पटक पटक प्रत्यक्ष भेटघाट गरी घुस/रिसवत माग गरेको तथ्य पुष्टि भएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अशोक कुमार पटेललाई बिगो रु.५,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३(१) र ऐ.ऐनको दफा ३(१) को देहाय (घ) मा उल्लेख भएबमोजिम सजाय हुन मागदाबी | रहेको, वडा अध्यक्षले नगर प्रमुखलाई घुस/रिसवत दिनुपर्ने कुनै कारण नरहेको।<br><br>**ग.** वादी पक्षका साक्षीहरुले गरेको वकपत्रबाट समेत प्रतिवादीहरुले घुस/रिसवत माग गरेको पुष्टि हुन नसकेको।<br><br>**घ.** बरामद चेक धर्मेन्द्र प्रसाद पटेलको नाममा काटिएको समेत नदेखिएको, प्रतिवादीबाट रकम बरामद भएको आधारमा मात्र आरोपदावी पुष्टि हुन नसकेको। | साथै नगरपालिकाको प्रमुख र निजको सहयोगीले उजूरकर्तासंग कुनै रकम सापटी लिनुपर्ने सम्मको कुनै अवस्था सृजना भई, उक्त सापटी लिएको तमसुक कागज रहेको, पेश गरेको अवस्था पनि छैन साथै प्रतिवादी धर्मेन्द्र प्रसाद पटेलले उजूरकर्तासंग सापटी कारोवारको रकम मिलाई दिनुपर्ने सम्मको कुनै कारण समेत रहेको भएको देखिदैन। तसर्थ, उजूरकर्ताको उजुरी निवेदन, वयान, वकपत्र लगायतका कागजातलाई प्रमाणमा ग्रहण नगरी केवल प्रतिवादीहरुलाई सजायबाट उन्मुक्ति दिने एक मात्र अभिप्रायले भएको उक्त फैसला प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्थाको विरुद्ध हुँदा उक्त फैसला त्रुटीपूर्ण रहेको छ।<br>**ख.** विशेष अदालतले फैसला गर्दा लिएको दोस्रो आधार तर्फ हेर्दा, निर्माण उपभोक्ता समितिका अध्यक्ष/उजुरकर्ता शेख तवरेजले अनुसन्धानको वयानको स.ज.१० मा मिति २०७८।११।१५ गते नगर प्रमुख धर्मेन्द्र प्रसाद पटेल ज्यूलाई घुस रकम दिइएको हो। वडा नं.१ को कार्यालय भवन निर्माणको लागि विनियोजित रकम मध्ये अन्तिम भुक्तानीको लागि उक्त घुस रकम दिइएको हो भन्ने व्यहोरा खुलाएका छन्। त्यसैगरी अर्का उजुरकर्ता शेख नरुल्लाह सोही देवानी गोनाही न.पा. वडा नं. १ वडा अध्यक्ष रहेको तथा सम्झौता बमोजिम वडा नं.१ कार्यालय भवन निर्माणको रेखदेख तथा अनुगमनको जिम्मेवारी समेत रहेकोले निज उक्त भवन निर्माण उपभोक्ता समितिसंग प्रत्यक्ष रुपमा जोडिएको देखिन्छ। उजुरकर्ता शेख तवरेजले मेयरले पाँच लाख रुपैया रिसवत मागेको कुरा भने पछि उक्त रकम र चेक दुवै जना उजूरकर्ताले मेयरको कार्यकक्षमा घुस/रिसवत रकम दिएको अवस्थामा प्रतिवादीहरुलाई फेला पारेको घटनास्थल बरामदी मुचुल्काले पुष्टि गरेको तथ्यलाई अनदेखा गरी भवन निर्माण उपभोक्ता समितिका अध्यक्षसंग नगर प्रमुखले माग गरेको घुस/रिसवत दिन रकम तथा समितिको चेक सहित भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष शेख तवरेजको संगसाथ लागि गएका ब्यक्ति वडा अध्यक्ष शेख नरुल्लाह प्रस्तुत मुद्दाका प्रत्यक्ष प्रमाण हुन्। केवल प्रतिवादीहरुलाई सजायबाट उम्मुक्ति दिने मनसायले वडा अध्यक्षले नगर प्रमुखलाई घुस/रिसवत दिनुपर्ने कुनै कारण नभएको भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको छ।<br>**ग.** विशेष अदालतले फैसला गर्दा ग्रहण गरेको अर्को आधार तर्फ हेर्दा, वादी पक्षका प्रमुख साक्षीहरु शेख नरुल्लाह, शेख तवरेज, प्र.नि. राजन लम्साल लगायतले आफ्नो अनुसन्धानको कागज वयान व्यहोरा बमोजिम नै अदालत समक्षको वकपत्रबाट आफ्नो अनुसन्धानको समयको कागज व्यहोरा समर्थन गरेको पाईन्छ। वादी पक्षका साक्षी तथा भवन निर्माण उपभोक्ता समितिका सदस्य समेत रहेको शेख हविबुल्लाले त "हामी तीन पटक सम्म फाईल लिएर गएका थियौं मेयरले तीनै पटक सम्म रकम माग गरेको थियो। त्यही फाइल नै हो मेरो प्रमाण" भनि बकपत्रको स.ज.१२ मा स्पष्ट रुपमा खुलाएका छन्। अर्को तर्फ तीन जनाको संयुक्त हस्ताक्षर गर्नु पर्ने भवन निर्माण उपभोक्ता समितिको चेक बुकमा कुनै सदस्यले लिएको व्यक्तिगत ऋण/सापटी रकम तिर्न भुक्तानी दिन सहमती जनाई चेकमा हस्ताक्षर गरे होलान् भनि अनुमान गर्न पनि सकिने अवस्था देखिदैन। वादी पक्षका प्रमुख साक्षीहरु शेख नरुल्लाह, शेख तवरेज, प्र.नि. राजन लम्साल तथा शेख हविबुल्ला लगायतका साक्षीले गरेको वकपत्रलाई अनदेखा गरी वादी पक्षका केही सिमित साक्षीहरुले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको वकपत्रलाई मात्र आधारमा लिई प्रतिवादीहरुले घुस/रिसवत माग गरेको पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।<br>**घ.** फैसलामा लिइएको अर्को आधारका सन्दर्भमा, उजूरकर्ताले नगरप्रमुखको कार्यकक्षमा दिएको रकम रु.२,५०,०००।— प्रमुखको टेबलको घर्राबाट बरामद भएको छ भने रु २,५०,०००।— को चेक टेबल माथि अशोक प्रसाद पटेलको नाममा काटिएको बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ। चेकमा रकम लेख्ने व्यक्ति एकवाल राजाले समेत चेकमा मैले मेयरसाबले भने बमोजिम अशोक प्रसाद पटेलको नाममा चेक लेखेको थिएँ भनी उल्लेख गरेबाट घुस/रिसवत लेनदेनमा नगर प्रमुख समेतको प्रत्यक्ष संलग्नता छ भन्ने पुष्टि हुन्छ होइन भने सापटी लेनदेन भएका भनिएका व्यक्ति शेख नरुल्लाह र अशोक प्रसाद पटेलको नितान्त व्यक्तिगत लेनदेनको रकम भवन निर्माण उपभोक्ता समितिको चेक बुकमा अशोक प्रसाद पटेलको नाममा काट्नु भन्ने नगरप्रमुखले आदेश गर्नु पर्ने होईन र निर्माण समितिको चेक व्यक्तिगत लेनदेनमा प्रयोग गर्नुको पुष्टयाई हुन सकेको अवस्था समेत छैन तसर्थ नगर प्रमुखले "सापटी" भन्ने कोड भाषाको प्रयोग गरी घुस/रिसवत माग गरी आफ्नो कार्यकक्षमा लिए पश्चात मात्र उजूरकर्ताबाट पेश भए बमोजिम विल भुक्तानीको प्रकृया अगाडी बढाउन भनी कार्यालयका कर्मचारीलाई आदेश गरेको स्पष्ट भएको अवस्थालाई नजर अन्दाज गरी बरामद चेक धर्मेन्द्र पटेलको नाममा काटिएको समेत नदेखिएको, प्रतिवादीबाट रकम बरामद भएको आधारमा मात्र आरोपदावी पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी, उजुरकर्ताको उजुरी निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, अडियो/भिडियो रेकर्ड र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्बर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोराको कुनै मूल्यांकन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला त्रुटिपूर्ण छ। यसै सन्दर्भमा, सर्वोच्च अदालत बुलेटिन, बर्ष १५, अंक २, बैशाख २०६३, पूर्णाङ्क ३३२, पृष्ठ २० मा "प्रतिवादीका साथबाट नम्बर टिपिएका रुपैयाँ बरामद हुन, जाहेरवालाले अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादी विरुद्ध घुस मागेकाले रकम दिएको भन्ने जाहेरी र प्रहरीमा भएको वयानलाई समर्थन हुने गरी गरेको बकपत्र समेतबाट अभियोग दावी बमोजिमको कसूर यी प्रतिवादीले गरेको भन्ने देखिरहेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २७ र २८ बमोजिम प्रतिवादीले आफ्नो जिकीर प्रमाणित गर्न नसकेको हुँदा प्रतिवादी निर्दोष रहेछन् भनी भन्न सकिएन। प्रतिवादीको खल्तीबाट दशी बरामद भएको कुरा उजूरवाला जाहेरवालको वकपत्रबाट समर्थित भएकाले प्रमाण ऐन, २०३१ को दफा ८ र १० बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन हुने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने देखिएन" भनि सिद्धान्त प्रतिपादन भएकोले उक्त सिद्धान्त विपरित भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको। |